**पोखरा उपत्यका साइडसिन घुम्न जाऔं**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन ३ गते शनिबार ❑ 15 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## राजनीतिक स्थायित्व र समृद्धिको बाटोमा वर्तमान सरकार: अर्थमन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ फागुन



उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वर्तमान सरकार राजनीतिक स्थायित्व र समृद्धिको बाटोमा अगाडि बढिरहेको बताउनुभएको छ।

स्याङ्जाको बिरुवा गाउँपालिकामा निर्मित भवनको शुक्रबार उद्घाटन गर्दै उहाँले वर्तमान सरकार राजनीतिक स्थायित्व प्रदान गर्दै मुलुकको समृद्धिका लागि प्रयासरत रहेको उल्लेख गर्नुभयो। पछिल्लो समय मुलुक सञ्चालनका क्रममा विभिन्न कारणले सरकारले स्थायित्व पाउन नसकेको स्मरण गर्दै अर्थमन्त्रीले राजनीतिक स्थायित्व, विकास र मुलुकको समृद्धिका लागि लामो इतिहास बोकेका दुई ठूला दलको आवश्यकता महसुस गरी सरकार गठन भएको बताउनुभयो। "अवसरवादसहित विविध कारण मुलुकमा छ/छ महिनामा सरकार बदलियो, सरकारले स्थायित्व पाएन", उहाँले भन्नुभयो, "मुलुकको परिवर्तनका लागि, नागरिको जीवनस्तर सुधार्न ठूला दल मिल्नुको विकल्प थिएन, देशलाई अस्थिरतामा राख्न हुन्न निकास दिनुपर्छ भन्ने लागेर कांग्रेस र एमालेको गठनबन्धनबाट वर्तमान सरकार बनेको हो ।" मुलुकमा यसअघि विभिन्न कालखण्डमा आइपरेका कठिन अवस्थामा लामो इतिहास, अनुभव र योगदान गरेका दुई ठूला दलले नेतृत्व गरेका अर्थमन्त्री पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "मुलुकको स्थायित्व, विकास र नागरिकको पक्षमा वर्तमान सरकारले काम गरिरहेकाले सबैले यो सरकारलाई सहयोग र समन्वय गर्नुपर्छ।"

आफ्नो जन्मभूमि स्याङ्जा भएको बताउँदै उहाँले यहाँको समग्र विकास, पूर्वाधार निर्माणका विषयमा रहेकाले क्रमशः पूरा गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

भवन उद्घाटन समारोहमा नेपाली कांग्रेस स्याङ्जाका सभापति एवं प्रतिनिधिसभाका सांसद राजु थापा, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय सचिव एवं पूर्वमन्त्री पद्माकुमार अर्यालगायतले जिल्लाको समग्र विकास, निर्माणका विषयमा धारणा व्यक्त गर्नुभएको थियो।

बिरुवा गाउँपालिकाको प्रशासकीय भवन कूल रु सात करोड ९९ लाख ७० हजार एक सय ८१ को लागतमा निर्माण सम्पन्न भएको हो। विंस २०७७ असार ३१ गते सम्झौता भएर निर्माण थालिएको भवन २०८० मङ्सिर २९ गते निर्माण सम्पन्न भएको हो । उक्त भवन २९ कोठाको छ।

## शिक्षा क्षेत्रको लगानी गुणात्मक रूपमा वृद्धि गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
दमौली, २ फागुन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्षनारायणकाजी श्रेष्ठले शिक्षा क्षेत्रको लगानी गुणात्मक रूपमा वृद्धि गर्नुपर्नेमा जोड दिनुभएको छ। तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित मित्रता माध्यमिक विद्यालयको आज आयोजित ५४औं वार्षिकोत्सव कार्यक्रममा पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका वरिष्ठ उपाध्यक्ष श्रेष्ठले शिक्षा क्षेत्रमा लगानी कम रहेकाले लगानी बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

उहाँले भन्नुभयो, "हामी सरकारमा हुँदादेखि नै शिक्षा क्षेत्रमा लगानी अपूरो भयो भनेर बहस सुरु गरेका थियौं। शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्नुपर्छ। सामाजिक, आर्थिक रूपान्तरण, विकास र समृद्धिको कार्यभार पूरा गर्नेगरी शिक्षा प्रक्रियालाई पूरा गर्नुपर्छ।"

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले पाठ्यक्रममा सुधार गर्न शिक्षकलाई तालिम दिनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "शिक्षकलाई सम्मानित पेसाका रूपमा स्थापित गर्नुपर्छ । अन्यत्र काम नपाएर शिक्षकमा आएको हो भन्ने अवस्थाको अन्त्य गरिनुपर्छ। सम्मानसाथ शिक्षक हुने वातावरण सृजना गर्नुपर्नेछ।"

श्रेष्ठले सामुदायिक विद्यालय निजी विद्यालयभन्दा गुणस्तरीय भए पनि निजी विद्यालयतर्फ आमनागरिकको आकर्षण बढेको वर्तमान अवस्थामा लगानी बढाएर सीप र रोजगारीसँग जोड्ने गरी शिक्षा दिनु आजको आवश्यकता भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सामुदायिक विद्यालयका शिक्षकका छोराछोरी निजी विद्यालयमा लैजाने वातावरण कसरी उत्पन्न भयो, त्यसतर्फ छलफल गरी सुधारका विकल्प खोज्नुपर्छ ।" उहाँले सामुदायिक विद्यालयको स्तर गुणात्मक तरिकाले वृद्धि गर्नुपर्ने आवश्यकता रहेको बताउँदै शिक्षामा समान पहुँचको वातावरण सृजना गर्नुपर्ने उल्लेख गर्नुभयो। सङ्घीय, प्रदेश र स्थानीय तहले शिक्षा क्षेत्रको समस्या पहिचान गरी नयाँ ढङ्गबाट सोच्नुपर्ने बेला आएको भन्दै उहाँले थप्नुभयो, "शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिले शिक्षण संस्थालाई गुणस्तरीय शिक्षाको थलो बनाउन गम्भीर रूपमा नयाँ योजना बनाउनुपर्छ ।" शिक्षा जीविकोपार्जनका लागि मात्र नभई शिक्षा जीवनका लागि भएको उल्लेख गर्दै श्रेष्ठले अहिलेको शिक्षा प्रणाली मानिसलाई मेसिन बनाउने माध्यम मात्र भयो कि त्यसतर्फ सोच्नुपर्ने बेला आएको चर्चा गर्नुभयो।

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले पालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि पालिकाले पहल गरिरहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "मित्रता माविको नतिजा जिल्लाकै उत्कृष्ट छ, अन्य विद्यालयको नतिजा पनि उत्कृष्ट बनाउने गरी हामीले गर्न सक्ने सबै सहयोग गर्न तयार छौं।"

## ब्ल्याक बुल्स र नेपाल पुलिस क्लव आहा रारा गोल्ड कपको उपाधिका लागि भिड्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

पोखराको प्रतिष्ठित आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगितामा सर्वाधिक सफलता हासिल गरेको नेपाल पुलिस क्लव र पहिलो पटक सहभागि भएको पाहुना टोली उज्विकिस्तानको ब्ल्याक बुल्स फुटवल क्लव बिच शनिबार फाइनल खेल हुने भएको छ। पोखरा रंगशालाको फुटवल मैदानमा शनिबार दिउँसो १:०० बजे पछि फाइनल खेल हुने भएको प्रतियोगिताका संयोजक पूर्ण बहादुर गुरुङले बताउनु भयो।

दुबै क्लवले नयाँ इतिहास रच्ने दाउमा आ–आफ्नो टिमले जित्ने दाबी गर्नु भएको छ । क्लवले आज(शुक्रबार) पोखरा रंगशालामा आयोजना गरेको प्रि–म्याच कन्फरेन्स (पत्रकार भेटघाट कार्यक्रम) मा पुसिलका प्रशिक्षक चेतन घिमिरेले आफुहरु आहा रारामा धेरै सफलता हासिल गर्दै आएकोले आफुहरुले शनिबारको खेलमा उत्कृष्ट खेल प्रर्दशन गरी सातौ पटक उपाधि रक्षा गर्ने योजनामा रहेको दाबी गर्नु भयो । आफुहरुसंग युवा र नियमित अभ्यास गरेका खेलाडीहरु भएकोले आफुहरुले विदेशी टिम बिरुद्ध प्राविधिक रुपमा खेलको आवश्यकता अनुसार रणनिती परिवर्तन गरेर जित आफ्नो पोल्टामा पार्ने गरी खेल्ने तयारी गरेको उहाँले जनाउनु भयो।

ब्ल्याक ब्लूका प्रशिक्षक अब्दुलाजीज निशोनवाएवले नेपालको बलियो टिम नेपाल पुसिलसंग शनिबार हुने खेल बराबरी दुबै टिमको अवसर भएको बताउदै आफुहरुले अघिल्ला म्याचको जस्तै पोखरेलीको मन जित्ने गरी खेल प्रर्दशन गर्ने बताउनु भयो। पोखरेली दर्शक नेपालको बिषयमा पहिला सुन्दा र हाल आफै टिम लियर आउदा छुट्टै मज्जा आएको नेपालीहरु निकै सहयोगी र नेपाल निकै सुन्दर लागेको उहाँले बताउनु भयो । आफुहरुसंग पूर्व राष्ट्रिय खेलाडी र बि डिभिजनका खेलाडीहरु रहेको उहाँले जनाउनु भयो । पुलिस राम वाजीको कप्तानीमा टिम मैदानमा उतार्ने तयारी गरि रहदा ब्ल्याक ब्लूले भने युवा खेलाडी जाखोंरगिर अख्माडोभको कम्पनीमा मैदानमा उतार्दै छ । क्याराभान गोल्ड कप सहित ६ पटकको विजेता नेपाल पुलिस क्लवले समुह एमा रहेको चर्च ब्वाईज यूनाइटेडलाई पहिलो सेमिफाइनल खेलमा १–० को गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा तय गरेको हो । समुह बीमा रहेको ब्ल्याक बुल्सले आहा रारा गोखरा गोल्ड कपको ५ पटकको विजेता थ्रि स्टारलाई एक तर्फी ४–० को गोल अन्तरले पराजित गर्दै उपाधि पुलिससंग उपाधि रक्षाको लागि फाइनलमा यात्रा तय गरेको हो । पुलिसले आयोजक सहारा क्लवलाई उद्घाटन खेलमा पराजित गरी क्वाटरफाइनलमा पाहुना टोली वेलायतको ब्रिगेड व्वाईज क्लवलाई पराजित गरी सेमिफाइनलमा यात्रा बनाएको थियो । यता पाहुना टोली ब्ल्याक बुल्सले भने वाइ पायर क्वाटरफाइनलमा भारत सिक्किमको थन्डर नर्थ यूनाइटेडलाई पराजित गरी सेमिफाइनलमा यात्रा बनाएको हो । प्रतियोगिताको विजेताले १२ लाख १ हजार र उपविजेताले ६ लाख १ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने भएको क्लवका अध्यक्ष केशवराज बराललले बताउनु भयो । माघ २२ गते देखि सुरु भएको प्रतियोगितामभा ३ विदेशी सहित १२ टिमको सहभागिता रहेको थियो । क्लबले पोखरा १७, दोबिल्लामा सूर्यबहादुर के.सी. स्मृति सहारा फुटबल एकेडेमी संचालन गरेको छ। हाल चौथो ब्याजको रुपमा एकेडेमीमा आश्रित कठिन परिस्थिति र विपन्न वर्गका ३० जना बालकहरु रहनु भएको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले जनाउनु भयो । प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।


**डिभिजन वन कार्यालय, कास्कीको अनुरोध**

गर्मी याम र खडेरीको समयमा वन डढेलोका घटनाहरू हुने गर्दछन्। वनमा डढेलो लाग्न गयो भने त्यहाँ भएका वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको अपुरणीय क्षति भई तापक्रम वृद्धि हुने र पर्यावरणमा समेत अपुरणीय क्षति पुग्दछ। जसबाट अन्ततः मानव अस्तित्वमा नै संकट पैदा हुन जान्छ त्यसैले

- वन जंगलमा डढेलो लाग्न नदिऔं, लागि हालेमा जनसहभागिता जुटाई तुरुन्त निभाऔं ।
- सलाई, लाइटर जस्ता प्रज्वलनशील वस्तु लिई वन प्रवेश नगरौं/नगराऔं ।
- वन जंगल तथा जोडिएका खेतबारीमा भएका झारपात झिंजाहरु लगायत ज्वलनशील पदार्थलाई संकलन गरी मलखाद बनाई कृषिमा आत्मनिर्भरता बढाऔं ।
- वनमा आगोलागीको मौसम शुरु हुनु अगावै अग्नी रेखाको निर्माण गरौं । अग्नी रेखा निर्माण भई सकेका क्षेत्रमा समयमै मर्मत र सरसफाई गरौं ।
- वनमा डढेलो लगाउने जस्तो गम्भिर फौजदारी अपराध गर्ने व्यक्तिलाई कारबाहीका लागि नजिकको वन कार्यालय, सुरक्षा निकाय वा जिल्ला प्रशासन कार्यालयमा खबर गरौं ।
- वनडढेलो रोकथाम, नियन्त्रण र व्यवस्थापन जस्तो पवित्र कार्यमा आ–आफ्नो ठाउँबाट जुटौं र पुण्य कमाऔं ।



वनमा आगो लगाउने कार्य कानुनत दण्डनीय अपराध हो । यस्तो कार्य गर्नेलाई वन ऐन २०७६ बमोजिम क्षति भएको बिगो असुल गरी साठी हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

सम्पर्कका लागि : ०६१–५७०१७१, ९८५६०३७५०७, ९८५६०८७५०७



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीमा जनयुद्ध दिवस विभिन्न कार्यक्रमको आयोजना गरि मनाईयो

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

३० औं जनयुद्ध दिवस पोखरामा पनि विभिन्न कार्यक्रमको आयोजना गरी बिहीबार मनाईएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्र कास्की शाखा सहित विभिन्न पार्टीका जनवर्गीय संघ संस्थाहरुले महान शहिद तथा बेपत्ता योद्धाहरुले मुलुक परिवर्तन गर्न पुर्याएको योगदानलाई उच्च कदर गर्दै कास्कीमा विभिन्न कार्यक्रम सहित जनयुद्ध दिवस मनाइएको पार्टीका कास्की इन्चार्ज नेत्रनाथ अधिकारी (हिमाल)ले बताउनुभयो । बिहिबार पोखरा सहित कास्कीमा शहिदहरुको स्मृतिमा माल्यारोपण देखि दिप प्रज्वलन तथा विचार गोष्ठी एवं रक्तदान लगायतका कार्यक्रम कार्यक्रम भएको उहाँले जनाउनु भयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सचिव एवं गण्डकी प्रदेश इन्चार्ज दीननाथ शर्माले समाजबादी क्रान्तिको अभियान सफल पार्न पार्टी र जनता एक हुन आग्रह गर्नु भयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्र कास्की शाखाले ३० औं जनयुद्ध दीवसको अवसरमा बिहिबार पोखरामा आयोजना गरेको जनयुद्ध, सत्य निरुपण र मेलमिलाप -टिआरसी) विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै नेता शर्माले उक्त कुरा बताउनु भएको हो । हिजाको धुलो मैलो फालेर पुनः जनता तर्फ फर्किने, मेचि देखि महाकाली हुदै तराई देखि हिमालसम्म पुगे अभियानमा आफुहरु जुटेको उहाँको दाबी थियो ।

समाजबादी क्रान्तिलाई पूरा गर्न विगतमा केही गल्ती भए जनता सामु माफ मागेर मिसन २०८४ मा लाग्ने उहाँले बताउनु भयो । उहाँले भन्नुभयो“हामी नेपाली हौं, यहाँ बसोबास गर्ने, आदिवासि, जनजाति, लोपउन्मुख समुदायका र उत्पिडनमा परेका जाति तथा समुदायलाई एकबद्ध ढंगले अघि बढाएको खण्डमा मात्र समाजबादी क्रान्ति सफल हुन्छ, त्यो कार्यभार पूरा गर्न हामी एक हुनु पर्छ । ” जनयुद्धमा जनताले दिएको खाना, खाजा र औषधिलाई कहिलै नभुल्ने स्मरण गर्दै नेता शर्माले शहिद तथा जनाआन्दोलनका घाइतेले देखाएको बाटो आफुहरुले पूरा गर्नुपर्नेमा जोड दिनुभयो । अब कसैले कसैलाई निषेध नगरी समेटेर अघि बढ्न उहाँले आग्रह गर्नु भयो । शहिदको रगत र आफुहरुको पसिनाले गर्दा २ सय ४० बर्षको राजतन्त्रको अन्त्य भएको शर्माको दाबी थियो । लेखक तथा बरिष्ट अधिवक्ता खिमलाल देवकोटाले जनयुद्ध दिवसको सन्दर्भः नेपाली शान्ति प्रकृया उपलब्धी र बाँकी कार्यभार एक समिक्षा सम्बन्धि आफ्नो विचार प्रस्तुतः गर्नु भएको थियो ।

**७० यूनिट रक्त संकलन**

नेकपा (माओवदी केन्द्र) धादिङ-पोखरा जनसम्पर्क मञ्च, कास्कीले जनयुद्ध दिवसको अवसरमा पोखरामा खुल्ला रक्तदान गरेको छ । मञ्चले पोखराको चिप्लेढुङ्गा मानवअधिकार चोकमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । रक्तदान कार्यक्रममा ७० युनिट रगत संकलन भएको नेकपा (माओवादी केन्द्र) धादिङ-पोखरा जनसम्पर्क मञ्चका उपाध्यक्ष एवं खुल्ला रक्तदान कार्यक्रमका संयोजक लोमढीप्रसाद अगस्तीले जानकारी दिए । कार्यक्रममा मञ्चका सदस्य, पैदल यात्रु र नियमित रक्तदाताले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रममा नेकपा (माओवादी केन्द्र) प्रदेश अध्यक्ष गायत्री गुरुङको प्रमुख आतिथ्यता रहेको थियो । गुरुङले जनयुद्धले स्थापना गरेको गणतन्त्र सदाका लागि स्मरणीय रहने बताइन् । समुदायकोबिचमा माओवादीलाई लैजान सके पार्टीले लिएको उदेश्य चुम्न सकिने उनले बताइन् । प्रदेशका सबै जिल्ला र स्थानीय तहमा जनयुद्ध दिवस खुशीयालीका साथ मनाइएको जानकारी दिइन् । ट्रेड युनियन कास्कीका अध्यक्ष अर्जुन पौडेलले मजदुरको पार्टी माओवादी भएकाले श्रमीकका पक्षमा काम गर्नुपर्ने बताए। ऐन बने पनि मजदुरको पक्षमा कार्यान्वयन गर्न नसकिएको उनले बताए । कार्यक्रममा पोखरा महानगरपालिका वडानम्बर ४ का अध्यक्ष लोकराज भण्डारी, सल्लाहकार टिका लम्साल, उपाध्यक्ष प्रेम नेपाली, सचिव गोकर्ण लम्साल, बुद्धिजिवी परिषद् सदस्य बलराम खतिवडा लगायतले बोलेका थिए । मञ्चका अध्यक्ष कृष्ण धरेलले जनयुद्ध दिवसलाई स्मरण गर्दै सामाजिक कार्य रक्तदान गरिएको बताए । मञ्चले पार्टी काममा समेत महत्पूर्ण योगदान गर्दै आएको उनले स्मरण गरे ।

# पोखरा अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगितामा २१ देशका १५० जना सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

पर्यटनको शहर पोखरामा शनिबार हुने १९ औं संस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगिता हुने भएको छ । ४२ किलोमिटरको म्याराथन प्रतियोगितामा २१ देशका ८० विदेशी सहित १ सय ५० जना धावक सहभागि हुने आयोजक नेपाल भूतभुर्व खेलाडी मञ्चले बिहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराएको हो ।



शनिबार बिहान ७:०० बजे हुने उक्त प्रतियोगितामा ८ जना महिला धावक सहित २१ देशका १ सय ५० जना धावकहरु सहभागि हुने भएकात्यसै गरी हाफ म्याराथन महिला तर्फ १० देशका सहित ४० जना जना हाफ म्याराथन पुरुषतर्फ १० विदेशी सहित १ सय १० जना धावकले प्रतियोगितामा सहभागिता जनाउने भएको मञ्चका अध्यक्ष दील बहादुर गुरुङले बताउनु भयो । त्यसै गरी १० किलोमिटर दौडमा पुरुषतर्फ ११ विभिन्न देशका सहित २ सय ११ जना, १० किलोमिटर महिलातर्फ ११ विदेशी सहित १ सय ९ जना, ५ किलोमिटर भेट्रान्स (५० वर्ष) पुरुष र महिलातर्फ गरी ६० जना, ५ किमि छात्रतर्फ १ हजार ४ सय ७० तथा छात्रातर्फ १ हजार २५ जना गरी कूल ३ हजार १ सय ७५ जना धावकले उक्त प्रतियोगितामा सहभागिताका लागि दर्ता भएको मञ्चले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ । रन फर फनमा करिब ७ हजार गरी १० हजार जनाको सहभागिता हुने अपेक्षा गरिएको पूर्व अध्यक्ष तेज बहादुर गुरुङले बताउनु भयो । म्याराथन प्रतियोगिताको विजेतालाई ५ लाख, उपविजेतालाई ३ लाख, तेश्रोलाइ २ लाख र सान्त्वना स्वरुप चौथीदेखि ८ जनालाई नगद ३० देखि १० हजार प्रदान गरिने भएको छ । खुल्ला म्याराथन तर्फ गण्डकी प्रदेशका खेलाडीहरुलाई समेत प्रोत्साहन गर्न पुरस्कारको ब्यबस्था गरिएको छ । विजेतालाई ५० हजार, उपविजेताले ३० हजार र तेस्रो हुनेलाई २० हजार रुपैयाँ प्रदान गरिने भएको मञ्चका महासचिव केशव पाठकले बताउनु भयो । महिला हाप म्याराथन बिजेताले १ लाख ५० हजार, दोस्रो हुनेले १ लाख र तेस्रो हुने धाविकाले ७५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुहुने भएको छ । १० किलोमिटर सडक दौड महिला तथा पुरुषले समान ३०, २०, १५ हजार नगद पुरस्कार प्राप्त गर्नु हुने भएको छ । ५ किलोमिटर छात्र/ छात्रा दौडमा बिजेतालाई समान १५/१५ हजार, उपविजेताले समान १०/१० हजार र तेस्रो हुनेले समान ७/७ हजार प्रदान गरिने भएको छ । ५ किलोमिटर छात्र/छात्रा दौडमा बिजेतालाई समान १५/१५ हजार, उपविजेताले समान १०/१० हजार र तेस्रो हुनेले समान ७/७ हजार प्राप्त गर्ने भएका छन् ।

म्याराथनको रूट पोखराको कोर सिटि १७ र फेवाताल सहित माछापुच्छ्रेको प्रतिविम्बमा २५ किलोमिटर दौडको रूट निर्धारण गरिएको छ। पोखरा रंगशालाबाट सुरू भई कदममार्ग, रानीपौवा,फुलवारी, पृथ्वीनारायण क्याम्पस गेट, सिमपानी, विन्ध्यवासिनी मन्दिर, हल्लनचोक, खपौदी,पामे, ठुलाखेत, घाँटी छिना हुँदै पुनः लेकसाईडको हल्लनचोकमा आयर टुंगिने भएको छ । प्रतियोगिताको पुरस्कारमा मात्र २१ लख ३४ हजार खर्च हुने भएको भएको छ । सफल दुधको मुख्य प्रयोजनमा हुने उक्त म्याराथन पोखराका १७ वटा कोर सिटिका वडाहरु पर्ने निवर्तमान अध्यक्ष हरि प्रसाद पराजुलीले जनाउनु भयो । प्रतियोगिता सम्पन्न गर्न १ करोड ८९ लाख खर्च हुने मञ्चले जनाएको छ ।

# पुम्दीकोटमा फागुन ७ गतेदेखि महायज्ञ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

पोखराको चर्चीत पर्यटकीय एवं धार्मिक स्थल पुम्दीकोट क्षेत्रमा एक दिन पर्यटकको बसाई अवधि बढाउने उद्देश्यले पुनः यही फागुन ७ गते देखि श्रीमद्भागवत ज्ञान महायज्ञ एवं महाशिवरात्री महिना हुने भएको छ ।

यस अघिका दुई वटा महायज्ञबाट समेत पुम्दीकोट क्षेत्रको बृहत विकासको परियोजना अपूर्ण भएकोले त्यसलाई पुरा गरी पोखराको पर्यटनको बसाई अवधि नै लम्बाउने गरी तेश्रो पटक महायज्ञ हुने तयारी गरिएको शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । पुम्दीकोट कोट विकास समितिको आयोजनामा फागुन १५ गतेसम्म पुम्दीकोटमा संचालन हुने महायज्ञबाट संकलन भएको रकमले केही पर्यटकीय भौतिक पूर्वाधार निर्माण गर्ने योजना रहेको समितिका अध्यक्ष एवं महायज्ञका मुल संयोजक चन्द्रकान्त बरालले बताउनुभयो । पोखरा २२ (पुम्दी–भुम्दी) को पुम्दीकोटमा साँफमा लेजरलाइट मार्फत शिवको मुर्तिलाई पर्दा बनाई शिव ताण्डव नृत्य तथा महादेवको जीवनलीला सहितको बृतचित्र प्रदर्शन गर्ने उद्देश्यले पुम्दीकोटमा पुनः महायज्ञ हुने भएको उहाँले जनाउनु भयो। भुमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म पहुचका लागि सिसाको पुल ग्लास बृज निर्माण गर्ने लक्ष्य समेत राखिएको संयोजक बरालले बताउनुभयो ।




प्रशासनिक भवन भन्दा तल्लो भागमा हरियाली उद्यान बनाउने, पुम्दिकोटका मुख्य तीन द्वारहरु छोरेपाटन, तिलार र फलेटेमा शिव धामको गेट निर्माण गर्ने, मुल मुर्तिको मर्मत सम्भार गर्ने, दान दाताहरुको नाम शिलालेख र स्तम्भ बनाउने लगायतका उद्देश्य रहेको उहाँले जनाउनु भयो ।

समृद्धि र विकास, बेरोजगार र विदेश पलायन हुनेहरुका लागि निकास भन्ने मुल नाराका साथ कैलाशधाम निर्माण परिकल्पना गर्दै ज्ञान महायज्ञको आयोजना गरिएको बताउँदै अध्यक्ष बरालले ज्ञान महायज्ञ यही फागुन १५ गतेसम्म संचालन हुने जनाउनु भयो । महायज्ञ उद्घाटनको दिनमा भने फागुन ७ गते कलश यात्रा हुने समितिले जनाएको छ ।

पुम्दिकोट धामको धार्मिक, एतिहासिक र पुरातात्त्विक महत्वका बारेमा प्रष्ट्याउदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटक भित्राउने पुम्दीकोटमा दिगो पर्यटनको लागि उक्त परियाजना आवश्यक भएको दाबी गर्नुभयो । यस अघि पुम्दीकोटमा २०७३ र २०७९ मा दुई पटक महायज्ञ आयोजना गरिएको थियो भने हाल तेस्रो पटक आयोजना गर्न लागिएको हो । पहिलो महायज्ञबाट करिब ६ करोड रुपिया र दोस्रो महायज्ञबाट करिब ३ करोड रुपिया संकलन गरेको उहाँले जनाउनुभयो । पुम्दिकोट ससारका धार्मिक पर्यटकहरुको थप आकर्षणको केन्द्र बन्दै गएको बताउदै उहाँले महामानव दाताहरुको सहयोगबाट हालसम्म ५१ फिट अग्लो महादेवको मुर्ती, ३१ फिट अग्लो शिवको विशाल डम्मरु, महादेवको विशाल क्षेत्रकुण्ड निर्माण, १ सय ८ धारा जडान सहित अन्तराष्ट्रय ध्यान केन्द्र निर्माण, २१६ शिवलिङ्ग स्थापना, १ सय ८ स्वर्गद्वारी सिढी निर्माण, सुविधा सम्पन्न शौचालय सहित प्रशासकिय भवन, फुलमाला विक्री कक्षका लागि १८ ओटा सटर निर्माण, पुम्दिकोटमा ३ वटा छुट्टाछुट्टै प्राकृतिक प्रवेशद्वार निर्माण, फुलबारी सहित पर्खाल निर्माण, मनोरेल द्वारा गणेश भगवानले कैलाश पर्वत परिक्रमा र पन्चधातुबाट निर्मित शिवलिङ्ग निर्माण लगायतका उपलब्धिहरु हासिल भइसकेका र अफैपनी कैलाश धामको बाँकी निर्माण कार्य सम्पन्न गर्न महायज्ञ आयोजना गरिएको अध्यक्ष बरालले बताउनुभयो । २०७३ सालमा पहिलो पटक ईश्वरकृष्ण महाराजजिबाट श्रीमद्भागवत ज्ञान महायज्ञ वाचन भएको थियो भने २०७९ सालमा शिवमहापुराण ज्ञान महायज्ञ भागवतभास्कर कमलनयन गौतमबाट वाचन भएको थियो । समाजमा बिग्रदै गएको मानसिक स्वास्थ्यलाइ आध्यात्मिक जागरण मार्फत हाम्रो मन,चित्त शुद्धीकरण गर्ने र सनातन धर्मको संरक्षण गर्दै आकर्षक धार्मिक पर्यटकीय गन्तव्यका रुपमा पुम्दिकोट बनाउने मुल उद्देश्य सहित महायज्ञको आयोजना गरिएको उपाध्यक्ष नरहरी बरालले बताउनु भयो । महायज्ञमा प्रत्येक दिन नित्य श्रीमद्भागवत मूल पाठ, जप, लघुरुद्रा भिषेक, चण्डीपाठ, गितापाठ र हवन गरिने भएको छ। साँफपख महात्म्य श्रवण तथा भजन-कीर्तनले वातावरणलाई भक्तिमय बनाउने भएको छ । महाशिवरात्रिका अवसरमा लाख बत्ती प्रज्वलन, हवन, तिल अर्पण, पूर्णाहुति, अभिषेक तथा तिलक-प्रसाद ग्रहण लगायतका धार्मिक अनुष्ठान गरिने भएको छ ।

महायज्ञमा दैनिक कथा वाचन भागवत मन्जरी राधिका दासिबाट हुने भएको छ । महायज्ञ अन्तर्गत फागुन ७ गते कलशयात्रा पुर्वाङ्ग पुजा एव आरम्भ गरिने छ भने नियमित दैनिक कार्यक्रम पनि रहनेछन् । दैनिक बिहान ७ देखि १० बजेसम्म नित्यपुजा, पाठपारायण र जप, बिहान साढे १० देखि दिउँसो ३ बजेसम्म भागवतमन्जरी, हरेक दिन बेलुका ५ बजे महाआरती, साफ साढे ६ बजेदेखी ९ बजेसम्म महात्म्य तथा सास्कृतिक फाँकी, फागुन १४ गते साँफ लाखबत्ती प्रज्वलन गरिनेछ भने १५ गते अपराह्न साढे ४ बजे हवन, पुर्णाहुति, अभिषेक, तिलक प्रसाद ग्रहण लगायतका कार्यक्रम हुने भएको छ ।

# तेस्रो हिसान गण्डकी फुटसलमा फागुन ४ देखि

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा हुने तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा कलेज फुटसल प्रतियोगिता फागुन ४ गते देखी शुरु हुने भएको छ । प्रतियोगिताको शुक्रबार खेलतालिका सार्वजनीक भएको छ ।



फागुन ४ देखी ७ गते सम्म सञ्चालन हुने प्रतियोगितामा विद्यालय तर्फ १३ विद्यालयले भाग लिएका छन् भने क्याम्पस तर्फ ९ क्याम्पसले सहभागिता जनाएका छन् । प्रतियोगिताको विजेता टोली नगद १ लाख मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छन् । त्यसै गरी दोस्रो हुने टोलीले नगद ५० हजार मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने हिसान गण्डकी प्रदेशका अध्यक्ष डा. रामजी शर्माले जानकारी दिए । उनले कलेज तर्फको बिजेताले नगद २० हजार र दोस्रो हुने टिमले नगद १० हजार मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छ ।

प्रदेशस्तरी फुटसल प्रतियोगितामा कास्कीका १० विद्यालय, बाग्लुङका २ तनहुँको एउटा विद्यालय गरी १३ विद्यालयले प्रतिप्रर्धा गर्ने छन् । उनले प्रतियोगिता सम्पन्न गर्न करिब १० लाख खर्च लाग्ने बताए । प्रतियोगिताको प्रथम पुरस्कार युआरएलले प्रायोजन गरेको छ भने दोस्रो पुरस्कार हिसान कास्कीले प्रायोजन गरेको छ । प्रतियोगितामा हिसानमा आवद्ध विद्यालयहरुलाई सहभागिता रहेको र खेल जित्नुमात्रै नभएर फुटबल विकासका लागि प्रतियोगिता गरेको आयोजना गरेको हिसानका उपाध्यक्ष बाबुराम पन्तले बताए । उनले गण्डकी प्रदेशका विद्यालय तथा कलेज पढाइमा मात्रै नभएर खेलकुदमा पनि अब्बल रहेको प्रतियोगिताले देखाउने बताए ।

प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्लबले गर्दै आएको छ । सबिन मेमोरियल क्लब राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्लब हो । कार्यक्रममा हिसान गण्डकीका कोषाध्यक्ष टुकराज बास्तोला, सचिब डिल्लिराम अधिकारी लगाएतले फुटबल विकासमा प्रतियोगिता फलदायी हुने बताए ।



# संख्यामा हैन, गुणस्तरमा ध्यान दिन सचिव पौडेलको आग्रह

**पोखरापत्र संवाददाता**
बागलुङ, २ फागुन

नेकपा (माओवादी केन्द्र) का सचिव देवेन्द्र पौडेलले विद्यार्थी संख्याभन्दा पठनपाठनको गुणस्तरमा ध्यान दिनुपर्ने बताउनुभएको छ ।

उहाँले शिक्षकलाई पनि निजामती कर्मचारीसरह सेवासुविधाको प्रबन्ध गर्नसके शिक्षामा गुणस्तर वृद्धि हुने बताउनुभयो । बागलुङ नगरपालिका-४ स्थित देउराली प्राथमिक विद्यालयको नवनिर्मित भवनको उद्घाट गर्दै सचिव पौडेलले सङ्घीय शिक्षा ऐन ल्याउनुपर्ने बताउनुभयो । उहाँले आफू शिक्षामन्त्री हुँदा सार्वजनिक शिक्षा सुधारका लागि ५५ बुँदे योजना बनाएर काम थालेको स्मरण गर्नुभयो । सेवासुविधा र अवसरमा शिक्षकलाई विभेद नगर्ने हो भने शिक्षण पेसाप्रति थप आकर्षण बढ्ने उहाँले उल्लेख गर्नुभयो । “बागलुङको शैक्षिक पूर्वाधारमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमले राहत पुऱ्याएको छ”, सचिव पौडेलले भन्नुभयो । उहाँले शिक्षकको शिक्षण सिकाइ क्रियाकलापमा राज्यले प्रोत्साहन दिनुपर्ने बताउनुभयो ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत रु ५० लाखको लागतमा चारकोठे भवन निर्माण गरिएको हो ।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५९१९१४, ९८४३११९०६, ९८१३६७७०६
छाला तथा यौन रोगहरुका लागि
जन्डिस, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको राम्रो उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हड्डीजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

# सुख्खा हिउँद : न हिमपात, न वर्षा

ध्रुवसागर शर्मा
म्याग्दी, २ फागुन/रासस

हिउँदको समय सकिन अब करिब तीन साता मात्रै बाँकी छ । बितेको हिउँदे पाँच महिनामा हिमपात र वर्षा नहुँदा गम्भीर वातावरणीय असर देखिन थालेका छन् । हिउँदमा हिमपात नभएपछि सेता हिमालहरू फुस्रा बन्दै गएका छन् भने पानी नपर्दा खेतबारीमा लगाएका खाद्यान्न लगायत तरकारी बाली ओइलाउन थालेका कृषकले बताएका छन् । माघ नसकिदै गर्मी बढेको र विगतका वर्षको तुलनामा जाडो कम भएको म्याग्दीको बेनी नगरपालिका-२ का ८९ वर्षिय बेदप्रसाद उपाध्यायले बताउनुभयो ।

जल तथा मौसम विज्ञान विभागले मङ्सिर १५ देखि फागुन १६ सम्मको हावापानी आकलन गर्दा औसतभन्दा कम पानी पर्ने र न्यूनतम्देखि अधिकतम तापक्रम बढ्ने पूर्वानुमान यस अघि नै गरेको थियो । हिउँदमा औसतभन्दा कम पानी पर्ने प्रक्षेपण जल तथा मौसम विभागको थियो । तत्काल पानी पर्ने र हिमपात हुने सम्भावना नदेखिएपछि हिउँदे खडेरी पर्ने भन्दै विज्ञहरूले कृषि, जल, वन, ऊर्जालगायत क्षेत्रमा असर पर्ने चिन्ता व्यक्त गरेका छन् ।

जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेलले यही अवस्था रहिरहने हो भने तत्काल पानी पर्ने र हिमपात हुने सम्भावना नरहेको बताउनुभयो । "अहिलेको अवस्थामा वर्षा र हिमपात भइहाल्ने लक्षण देखिदैन। सुख्खा खडेरीको लक्षण देखिएको छ। यद्यपि फेब्रुअरी नसकिएसम्म समग्र यो हिउँद कस्तो भयो भन्न मिल्दैन" प्रवक्ता पोखरेलले बताउनुभयो ।

हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण पर्यावरणीय सङ्कट देखिन थालेको भन्दै विज्ञले चिन्ता व्यक्त गरेका छन् । हिमालमा हिउँको मात्रा घट्दै गएको छ । हिमालमा हिउँ कम जम्मा भएको र त्यसको स्तर (हिउँरेखा) तल-माथि हुने गरेकोले पर्यावरणीय सङ्कट बढ्दै जान थालेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रका (इसिमोड)का वैज्ञानिकहरूले बताएका छन् ।

नेपालमा मुख्यालय रहेको इसिमोडले हालै सार्वजनिक गरेको हिउँ अध्ययन अध्यावधिक रिपोर्ट २०२४ अनुसार हिमालय क्षेत्रमा सन् २०२४ को जाडो याममा सरदरभन्दा कम हिउँ पर्ने र जमिनमा हिउँ रहिरहने समय अवधि पनि घट्ने जनाएको थियो । हिमालमा हिमस्खलन हुने क्रम बढ्दै जाने तर समयमा हिमपात नहुने र भए पनि अत्यन्त कम मात्रामा हुने गरेकोले केही वर्ष अघिसम्म चाँदी जस्तै टल्कने सेता हिमाल पछिल्ला केही वर्षयता काला पहाडमा परिणत हुँदै जान थालेका इसिमोडमा कार्यरत वैज्ञानिक शेर मोहम्मद बताउनुहुन्छ। "पानीको बहावको समय र तीव्रतामा व्यापक फेरबदलको सङ्केत देखिएको छ । यो शोधकर्ता, नीति निर्माता र तल्लो तटीय क्षेत्रमा रहने समुदायका लागि खतराको घण्टी हो" वैज्ञानिक मोहम्मदले भन्नुभयो ।

इसिमोडका वैज्ञानिकले पानी अभाव, बाढी, खडेरीजस्ता प्राकृतिक प्रकोपबाट जोगिन सक्रिय कदम उठाउनुपर्ने र हरितगृह ग्यास उत्सर्जन घटाउनुपर्नेमा जोड दिएका छन् । हिउँद याममा हिउँ पर्ने क्रम घटेको र हिमालय क्षेत्रको जमिनमा हिउँ धेरै समयसम्म रहिरहन नसक्ने समस्या देखिन थालेको वैज्ञानिकको भनाइ रहेको छ । म्याग्दीको मुदीमा रहेको संसारको सातौँ अग्लो धौलागिरि हिमालमा हिउँको मात्रा घट्दै गएको छ । आठ हजार १६७ मिटर अग्लो धौलागिरि हिमाल पहिले बाह्रै महिना पूरै हिउँले ढाकिने गरेको भए पनि विगत केही वर्षयता हिमालको तल्लो भाग हिउँविहीन देखिने गरेको म्याग्दीका पर्यटन व्यवसायी चक्रबहादुर तिलिजा पुनले जानकारी दिनुभयो ।

हिउँदेयाममा समेत हिउँ नपरेपछि डाँडाकाँडा रूखा र सुक्खा देखिनथालेका छन् भने हिमालहरू कालापत्थरमा परिणत भएका छन् । "पहिले धौलागिरि हिमशृङ्खला पूरै हिउँले ढाकिएको हुन्थ्यो, पछिल्ला केही वर्षयता हिमालका तल्लो भाग काला पहाडजस्ता देखिन थालेको छ, जाडो याममा समेत हिमालहरू नाङ्गिएको देखिन्छ," तिलिजाले भन्नुभयो ।

पहिले चाँदीझैं टल्कने हिमाल अहिले उराठलाग्दा देखिनथालेका डिभिजन वन कार्यालय म्याग्दीका वन अधिकृत चन्द्रमणी सापकोटा बताउनुहुन्छ । असोज र कात्तिकमा अत्यधिक वर्षा हुनु, मङ्सिर, पुस र माघ महिनामा पनि कम हिउँ पर्नु, जलवायु परिवर्तनको प्रभाव मान्न सकिने सापकोटाको भनाइ छ ।

### सुख्खा खडेरी बढ्ने सङ्केत

विभागको पूर्वानुमान महाशाखाले हिउँदको बाँकी रहेको तीन साताको समयमा पनि वर्षा र हिमपातको मौसमी प्रणाली नरहेको बताएको छ । मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेले तत्कालै हिउँदे वर्षा र हिमपात हुने लक्षण नदेखिएकाले सुख्खा खडेरी बढ्न सक्ने बताउनुभयो । उहाँका अनुसार जलवायु परिवर्तन र तापक्रम बृद्धिका अब्जरभेसन आइरहेकाले मौसमी प्रणालीमा पनि परिवर्तन देखिएको हो ।

जलवायुविज्ञ डा धर्मराज उप्रेती पनि हिउँदको बाँकी अवधिमा पानी पर्ने सम्भावना न्यून देखिएको बताउनुहुन्छ । "गत वर्ष पनि ८० प्रतिशत कम वर्षा भएको थियो । यसपटक पछिल्ला दुई वर्षको रेकर्ड तोडिने अवस्था भइरहेको छ," डा उप्रेतीले भन्नुभयो, "कम वर्षा भएको यो लगातार तेस्रो हिउँद हो । फेब्रुअरी २८ पछि हिउँदे अवधि सकिएर प्रि-मनसुन शुरु हुन्छ, अब बाँकी तीन हप्ता हिउँदमा पानी पर्ने सम्भावना न्यून छ ।"

डा उप्रेतीका अनुसार भूमध्य सागरको सतहको तापक्रममा आएको परिवर्तन र त्यसले सिर्जना गर्ने पश्चिमी वायु कमजोर भएसँगै अरब सागर र बंगालको खाडीमा पनि समुद्री सतहको तापक्रममा आएको परिवर्तनले पश्चिमी वायु कमजोर देखिएको छ । पश्चिमी वायु सक्रिय भएन भने वर्षा हुन नसक्ने उहाँको भनाइ छ । "यसपटक पश्चिमी वायु सक्रिय हुन सकेन । त्यसै कारणले यसपालि कर्णाली र सुदूरपश्चिमका केही भूभागमा बाहेक अन्यत्र वर्षा र हिमपात हुन सकेन ।" उहाँका अनुसार अहिलेसम्म ९.२ प्रतिशत मात्रै वर्षा भएको छ । "हिउँदे अवधिमा औसतमा ६१ मिलिमिटर पानी पर्नुपर्ने हो तर ५.५ मिलिमिटर मात्रै परेको छ, त्यो पनि पश्चिमी भागमा मात्रै" डा.उप्रेतीले भन्नुभयो ।

### पारिस्थितिकीय प्रणालीमा असर

जलवायु परिवर्तन र तापक्रम वृद्धिका कारण समग्र पारिस्थितिकीय प्रणालीमा असर पर्दै जान थालेको जानकारहरूले बताएका छन् । कृषि वैज्ञानिकहरूका अनुसार हिउँदमा पानी नपर्दा कृषि-खेती प्रणाली, वन प्रणाली, ऊर्जा प्रणालीमा नराम्रो प्रभाव पर्दै गएको छ । पानीका स्रोतहरू सुक्दै गएका छन् । सिंचाइको प्रवन्ध नभएका ठाउँहरूमा खडेरीले खाद्यान्न उत्पादन घटेको छ ।

"हिमाली क्षेत्रका जमिनमा माटोको अम्लिएपना बढ्दै जाँदा रैथाने बालीहरू लोप हुँदै गएका छन् । जङ्गली फलफूलको पाक्ने समय परिवर्तन भएको छ । कैयौं वनस्पति र जङ्गली पशुपंक्षीहरू देखिन छोडेका छन् । खोला तथा नदीहरूमा पानीमा मात्रा कम हुँदै गएको छ"हिमाली क्षेत्रको वातावरणीय अध्ययनमा सक्रिय प्रत्युष वाग्लेले भन्नुभयो "हिमाली क्षेत्रको पर्यावरणमा गम्भीर चुनैति उत्पन्न भएको छ ।" उहाँका अनुसार वनमा जंगली जनावरले पानी नपाउनेलगायत समस्या बढेका छन् । जङ्गली जनावरहरू जंगल छोडेर गाउँ वस्तीतिर पस्न थालेका छन् । सुक्खा बढेका कारण वनमा आगलागी घटना भइरहेका छन् । शहरहरूमा प्रदूषण खतराको तहसम्म पुगेको छ ।

पानी नपर्दा हिमालमा हिउँसँगै तल्लो भेगमा पानीलाई असर गरिरहेको वाग्लेको भनाइ छ । "हिउँ नपर्दा हिमाल नाङ्गा देखिएको, काला पत्थर देखिएको, ठाउँ-ठाउँमा उजाड भएको छ, यसको सीधै प्रभाव तल आएर पानीमा देखिन्छ । पानीका मुहान, स्रोत सुक्न थालेका छन् जसले गर्दा पिउने पानीको समेत संकट आउन सक्छ" वाग्लेले भन्नुभयो । यस वर्ष (सन् २०२४ मा हिउँको मात्रा विगत २० वर्षको औसतको तुलनामा १८.५ प्रतिशतले कमी आएको इसिमोडले जनाएको छ । सन् २०१८ मा हिउँको मात्रा सर्वाधिक कम थियो भने यसवर्ष २०१८ को तुलनामा ०.५ प्रतिशतले मात्रै बढेको इसिमोडको तथ्याङ्कमा उल्लेख छ ।

गर्मी ठाउँमा मात्र पाइने लामखुट्टे हाल उच्च पहाडी र हिमाली भू-भागमा पनि पाइन थालेका छन् । जलवायु परिवर्तनकै कारण महत्वपूर्ण जडीबुटी तथा वनस्पति लोप भइसकेका छन् । साथै पृथ्वीमा समयमै पानी नपर्ने, परे पनि कहिले लगातार परिरहने त कहिले पानी नै नपर्ने भइरहेको छ । यसरी कहिले अत्याधिक वर्षा भई धनजनको विनास हुने त कहिले पानी नै नपरी खेतीबाली तथा वनजङ्गलनै सुक्ने अवस्था आइरहेको छ । जलवायु परिवर्तनका कारण मानव स्वास्थ्यमा समेत गम्भिर असरहरू देखिन थालेका चिकित्सक तथा वातावरण विज्ञहरूले बताएका छन् । जलवायु परिवर्तनकै कारण नयाँ-नयाँ रोगको देखिएका छन् । यसको असर बढ्दै जाँदा नेपालको हिमाली क्षेत्रमा पाइने महत्वपूर्ण जडीबुटी यार्सागुम्बालगायतका वनस्पति पनि लोप हुने खतरा रहेको विभिन्न अध्ययनहरूले पनि पुष्टि गरेका छन् ।

# अल्फा बोर्डिङ स्कुलमा अन्तर्राष्ट्रिय शान्ति टर्च

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन




पोखराको लामाचौरस्थित अल्फा बोर्डिङ्ग स्कुलमा अन्तर्राष्ट्रिय शान्ति प्रर्वतनात्मक कार्यक्रम सम्पन्न भएको छ ।

चिन्मोई फाउण्डेसनले प्रत्येक दुई दुई वर्षमा आयोजना गर्ने कार्यक्रम अन्तर्गत यस वर्ष सो विद्यालयमा गरिएको हो । शान्तिको प्रतिक टर्च भ्रमण गराईएको कार्यक्रममा शाान्तिका लागि दौंड मार्फत अन्तर्राष्ट्रिय समुदायमा शाान्ति र भातृत्वको कामना सहित सम्पुर्ण विश्व नै एउटा सिंगो परिवार भएको सन्देश दिन खोजिएको चिन्मोइ वन नेस होम पिस रनका राष्ट्रिय संयोजक श्वेता प्रधानले जानकारी दिनुभयो ।

अमेरिका, अष्ट्रेलिया, उज्वेकिस्तान, जापान सहित १० वटा राष्ट्रका १५ जना प्रतिनिधीले विद्यालयका विद्यार्थीलाई विश्व शाान्ति र भातृत्वका विषयमा जानकारी गराएका थिए । प्रधानले शाान्ति दौंडले विद्यार्थीमा एकाग्रता ल्याउने बताउँदै, शाान्तिपुर्ण वातावरणले विद्यार्थीको भविष्य सुन्दर बनाउने बताउनुभयो । पोखरा म्याराथुनमा समेत सहभागिता जनाउन आएको टोलीलाई स्वागत गर्दै विद्यालयका प्रिन्सीपल सुरेन्द्रमान सिंह भण्डारीले श्री चिन्मोई अन्तर्राष्ट्रिय क्षेत्रमा काम गरेको संस्था भएको बताउँदै, यसले लिएको लक्ष्यलाई विश्व माझ पुर्‍याउनु पर्नेमा जोड दिनुभयो । उहाँले समुदायका बिच भाईचारा कायम गर्न स-साना बालवालिका देखि विद्यालय शिक्षामा नै यस्ता किसिमका विषय समावेश गरी अगाडी बढ्नुपर्ने सुझाव दिनुभयो । टोलीले विद्यालयको स्थलगत निरीक्षण गर्नुका साथै विद्यार्थीसँग अनुभव आदान प्रदान गरेको थियो ।

सन् १९८७ मा स्थापना भएको उक्त अन्तर्राष्ट्रिय संस्थाले हालसम्म १ सय ६० बढी मुलुकमा शान्ति टर्च प्रर्दशन गरेको जनाईएको छ ।

# बन्दीपुरमा तीन महिनामा १० हजारभन्दा बढी विदेशी पर्यटक

पोखरापत्र संवाददाता
तनहुँ, २ फागुन

जिल्लाकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा रहेको बन्दीपुरमा पछिल्लो तीन महिनाको अवधिमा १० हजार १२६ जना विदेशी पर्यटक घुम्न आएका छन् । बन्दीपुर पर्यटन प्रहरी, बन्दीपुर केबलकार र होटल सङ्घ बन्दीपुर बजार इकाइको तथ्याङ्कअनुसार गत मङ्सिरदेखि माघ मसान्तसम्म उक्त सङ्ख्यामा पर्यटकहरू यहाँ आएका हुन् ।

पर्यटन प्रहरी प्रमुख प्रहरी सहायक निरीक्षक रुद्रबहादुर झाँक्रीले पाँच हजार ७९३ जनाले प्रहरीमा अभिलेखका लागि नाम दर्ता गराएको बताउनुभयो । यस्तै, केबलकारका महाप्रबन्धक रोमनमान श्रेष्ठले केबलकार प्रयोग गरी आउने विदेशी पर्यटकको संख्या दुई हजार तीन सय ५२ जना रहेका छन् । यसैगरी क्षेत्रीय होटल सङ्घ बन्दीपुरका अध्यक्ष फुलमती थापाका अनुसार पर्यटन प्रहरीको ड्युटीबाहेक अन्य समयमा नाम दर्ता गरेका तर विभिन्न होटलको तथ्याङ्कअनुसार थप एक हजार ९८१ जना विदेशी पर्यटक बन्दीपुर पुगेका छन् ।

प्रमुख पर्यटकीय गन्तव्यहरू काठमाडौँ र पोखरा तथा चितवन र पोखराको बीचमा पर्ने बन्दीपुरमा विदेशी पर्यटकहरु प्राकृतिक सौन्दर्य र यहाँको प्राचीन कलासंस्कृति हेर्न आउने गरेका छन् । बन्दीपुरमा आउने विदेशी पर्यटकहरूमध्ये सबैभन्दा धेरै चीनका रहेका छन् । चीनबाट माघ महिनामा मात्रै एक हजार ५०० पर्यटकहरू आएका छन् । त्यसपछि जर्मनी, स्पेन, इटाली, फ्रान्स, अमेरिका र नेदरल्यान्डबाट आएका पर्यटकहरू छन् । बन्दीपुरबाट सुन्दर हिमाल, विभिन्न खोला, नदी तथा फाँटहरू सजिलै देखिन्छन् । यहाँ प्राचीन काठकलाले भरिएका घरहरूसमेत हेर्न पर्यटकहरू लालायित हुने गर्दछन् । बन्दीपुर गाउँपालिकासहितका अन्य सरोकारवाला पक्षहरूले सन् २०२५ लाई बन्दीपुर भ्रमण वर्षका रूपमा घोषणा गरेर विभिन्न पर्यटकीय गतिविधि गरिरहेका छन् । सन् २०२५ भरि नै स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न विभिन्न पर्यटकीय गतिविधि गर्ने गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले सन् २०२५ मा एक लाख बाह्य तथा दुई लाख आन्तरिक पर्यटन भित्र्याउने योजना रहेको बताउनुभयो । यस्तै, सन् २०२५ सहित २०२७ सम्म आठ लाख पर्यटक भित्र्याउने योजनासहित विभिन्न कार्यक्रम तय गरिने उहाँले जानकारी दिनुभयो । फेब्रुअरी १४ को अवसरमा आज यहाँ पर्यटक लक्षित विशेष कार्यक्रम आयोजना गरिएको बन्दीपुर भ्रमण वर्षका संयोजक वैशबहादुर गुरुङले जानकारी दिनुभयो । क्षेत्रीय होटल सङ्घ बन्दीपुर इकाइ सभापति फुलमती थापाले हाल आन्तरिक पर्यटकहरू पनि बढेको बताउनुभयो । पछिल्लो समय यहाँ दैनिक करिब पाँच सय आन्तरिक पर्यटकहरू आउने गरेका उहाँले जानकारी दिनुभयो । यहाँ प्राचीन पुरातात्विक महत्वको बन्दीपुर बजार, टुँडिखेल सहिद स्मारक, थानीमाई मन्दिर, खड्गमाई मन्दिर, बिन्दवासिनी मन्दिर, मणिमुकुन्देश्वरी पदमार्ग (मिनी ग्रेट वाल), रानीवन, तीनधारा, पिकनिक स्पोर्ट, गुम्बा, रामकोट, धरमपानी, कोरीखाका 'होमस्टे', राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्र, रेशम खेती, मौरीपालन र च्याउ उत्पादनका लागि कीट विकास कार्यक्रमलगायत पर्यटकीय केन्द्रका रूपमा परिचित छ । नेवारी, मगर, गुरुङलगायत जातजातिका विभिन्न सांस्कृतिक वेशभूषा र रीतिरिवाज पनि यहाँका आकर्ष हुन् । बन्दीपुरबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लुलगायत हिमशृङ्खलाहरू अवलोकन गर्न सकिन्छ । हिमालहरूको लामो रेन्ज एकै 'फ्रेम' मा देखिने भएकाले पनि यहाँ स्वदेशी तथा विदेशी पर्यटकहरू रमाउने गरेका छन् ।

पर्यटकलाई लक्षित गरी यहाँ होटलको विकास पनि निरन्तर भइरहेको छ । बन्दीपुर होटल सङ्घमा आबद्ध करिब ८० वटा होटल र एक दर्जन घरबास सञ्चालनमा छन् । पृथ्वी राजमार्गअन्तर्गत तनहुँको डुम्रेबजारबाट एक किलोमिटर अगाडि बढेपछि बन्दीपुर गेटबाट आठ किलोमिटर यात्रा गर्दै बन्दीपुर बजार पुग्न सकिन्छ । हाल यहाँको ठूलढुङ्गाबाट बरालथोकसम्म केबलकारसमेत सञ्चालनमा छ । केबलकारबाट आउँदा सात मिनेटमा नै बन्दीपुर पुग्न सकिने हुँदा पर्यटकलाई थप सहज भएको छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# कास्की क्रिकेट लिग: लेकसाईडमाथि कास्कीको फराकिलो जित

पोखरापत्र संवाददाता
पोखरा २ फागुन

माछापुच्छ्रे क्रिकेट क्लबले अरण्यज्योति क्रिकेट क्लबलाई ६ विकेटले पराजित गरेको छ ।

कास्की क्रिकेट लिग अन्तर्गत शुक्रबार पोखरा क्रिकेट मैदानमा भएको प्रतिस्पर्धामा टस जितेको अरण्यज्योतिले प्रदीप पौडेलको ४४ रनको योगदानमा १२७ रन बनायो । ३१ बलमा ४ चौका र १ छक्का प्रहार गरे । आशिष पौडेलले २६ रन बनाउन १८ बल खेले । उनले ३ चौका र १ छक्का प्रहार गरे । त्यस्तै प्रवीण पौडेलले भने २१ रनको योगदान दिए ।

अभिषेक थापा र प्रमोद बास्तोलाले समान दुई दुई विकेट लिए । १२८ रनको लक्ष्य पछ्याउने क्रममा माछापुच्छ्रेले सुमित श्रेष्ठको अविजित ३७ रनको योगदानमा ४ विकेटको क्षतिमा लक्ष्य पुरा गर्‍यो । १७.१ ओभरमा पुरा गर्ने क्रममा अभिषेक थापाले पनि ३६ रनमा अविजित रहँदै जित पक्का बनाए ।

अशेष न्यौपानले ओपनिङ गर्ने क्रममा २२ रन बनाएर पभेलियन फर्किए । मनोज कोईरालाको नाममा १६ रन स्कोर कार्डमा लेखियो । अभिषेक भुजेलले २ विकेट लिए । अभिषेक थापा खेलमा प्लयेर अफ दि म्याच घोषित भए ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित कास्की टी -२० क्रिकेट लिग अन्तर्गत शुक्रबारको दोस्रो खेलमा कास्की क्रिकेट क्लबले आफनो जितलाई निरन्तरता दिने क्रममा लेकसाईड क्रिकेट क्लबमाथि ११० रनको फराकिलो जित निकाल्यो । रोहित चन्दा र आदित्य थापाले पहिलो विकेटको लागि ६५ रनको साझेदारी निभाए । उत्कृष्ट शुरुवात दिलाएका चन्द र थापाले क्रमश ३६ रन र ५३ रन बनाए । थापाले अर्धशतक पुरा गर्ने क्रममा ४६ बल खेल्दै ४ चौका र १ छक्का प्रहार गरे । चौथो नम्बरमा आएका आयुष सैंजुले २८ बलमा ७२ रन बनाए । ६ चौका र ६ छक्का प्रहार गरेपछि कास्कीले २२८ रनको विशाल योगफल तयार पार्‍यो । विश्वास पराजुलीले १४ बलमा ३९ रनमा अविजित रहे । उनले २ चौका र ४ छक्का प्रहार गरे । केवल ४ विकेटको क्षतिमा विशाल योगफल बनाउने क्रममा लेकसाईडका बलर निकै महंगा सावित भए । खेमबहादुर गुरुङ ३ ओभरमा ५४ रन खर्चिए । भोला यादवले ५० रन दिदाँ हरिशंकर तिवारीले ४ ओभरमा ४० रन खर्चिए । प्रदीप पेलाले ३४ रन खर्चिएर ३ विकेट लिए ।

विशाल लक्ष्य पछ्याएको लेकसाईड भने ११८ रन बनाउने क्रममा २० ओभर पुरा खेल्यो । ओपनर रोशन चापागाँईले २८ रन बनाए । नेजामुद्धिन शेखले २५ र खेमबहादुर गुरुङले १३ रनमा अविजित रहँदा लेकसाईडले ७ विकेटको क्षतिमा ११८ रनमात्रै बनाउन सक्यो । निरन्जन ठाकुरले ३ विकेट लिए । खेलमा आयुष सैंजू प्लयेर अफ दि म्याच घोषित भए ।

# प्रणय दिवस, हजुरबाको प्रेम कथा र म

**युव राज खनाल**

देवीदेवतादेखि राजा महाराजसम्मको प्रेमकथा पनि कम रोचक छैन । कति महाराजले रानीको सम्झनामा महल बनाउन लगाए। कतिले पोखरी बनाउन लगाए। कति महाराजले प्रेमकै कारण दरबार छाडे । पौराणिककालमा कतिपय ठूल्ठूला युद्धहरू प्रेमकै कारण भए । राम सीताको कथा, राधा र कृष्णको कथा कम रोचक छैन। लैला-मजनु, रोमियो-जुलियट, मुनामदन एउटा मीठो कहानी बनेर समाजमा आज पनि जिउँदो छ। सबैले तत्कालीन समाजको चित्र देखाएका छन् ।

अध्ययन कै क्रममा यस्तो भेटे । ग्रिसका दार्शनिक प्लेटो, 'पौराणिक कालमा पुरुष र महिला एउटै शरीरका रहेछ्न । दुवै शरीर एकै ठाउँमा भएको प्राणीलाई देवताले देखि सहेनन् र दुई चिरा पारी दिएछ्न । एउटै आत्मा र शरीर दुई चिरा भएछ । टुक्रिएको त्यही आत्मा आज पनि आफ्नो बाँकी आत्म र शरीरको खोजी गर्छ ।' प्लेटोको भनाइ सत्यताको नजिक कति होला यो छलफलको अर्को पाटो हुनसक्छ।समाजमावैज्ञानिकहरू प्रेमलाई छुट्टै विषय नबनाई ।

नेपाली सन्दर्भमा हेर्दा पनि प्रेम वर्जित विषय थियो । राणा शासनमा प्रेम गरेकै कारण कति प्रेमी जोडीहरू काठमाडौंको शंखमूलमा काटिए । १९१० को 'मुलुकी ऐनमा प्रेम गरेबापत भोग्नुपर्ने सजाय तागाधारी, मतवाली र अछूतका लागि छुट्टाछुट्टै थियो। सोही कानुनको आधारमा कति राणाहरूले प्रेमी जोडी काटे ।' सामन्तवादी व्यवस्थामा प्रेमको अधिकार थिएन। कहिल्यै नदेखेको, कहिल्यै नभेटेको, आनिबानी र नामसमेत थाहा नभएको व्यक्तिसँग कुल घराना हेरेर विवाह गरिन्थ्यो। केटा या केटी अभिभावकले हेरेर बिबाहको पक्का पक्की गरिन्थ्यो ।

वर्तमान समाज बिस्तारै पुँजीवाद समाज समाज बाट बिकसित बन्दै आयो । आजकल कतिपय विश्लेषकहरू समाज भन्नै पुँजीवाद उन्मुख मात्रै भएको तर्क राख्छन् । पुँजीवादी समाज छनोटको स्वतन्त्रता भएको युग मानिन्छ। पुँजीवादी समाज औद्योगिक समाज भएकाले उद्योगमा काम गर्न थालेपछि महिला पुरुषबीच विगतको भन्दा सम्पर्क बढेकाले छनोटको अवसर मिलेको देखिन्छ । 'पुँजीवाद आएपछि एकएक जनाको कमाइ हुन थाल्यो । महिलाहरू घर बाहिर निस्कन थाले। पुँजीवादी जीवन नितान्त छुट्टै र एक्लो जीवन हुन थाल्यो । त्यही एक्लोपन हटाउन एकअर्कासँग प्रेम गर्न थालियो । आज प्रणय दिवस। हजुरबा का केही कुराहरू पनि केलाउन मन लाग्यो ।

पुर्वमा धोबिडाडा, दक्षिणमा आखाले हेरेर नभ्याउने सम्म फाटको पश्चिमपट्ती सानो खरले छाएको घर, कमेरो र रातो माटोले सर्लक्क पोतिएका भित्ताहरु, सागुरो आगनको डिलैमा चिटिक्क पारेर सजाइएको अग्लो मठ अनि रामायण अगाडि राखेर श्लोक गाइरहनुहुने हजुरबा । यिनै रहस्य थियो म थोरै मात्र समय मिल्ने बित्तिकै हजुरबालाई भेट्न दौडदै पुगिहाल्थें । उसो त हामी उमेरमा जिवा र नाति नाता सम्बन्ध भए पनि खै किन हो हजुरवा मेरो साथी जस्तै हुनुहुन्थ्यो । औधी माया गर्नुहुन्थ्यो उहाले मलाई। त्यसैले होला अझैसम्म पनि केटाकेटी र बुढाबुढी उस्ता उस्तै हुन भन्ने गरिन्छ ।

उमेरले पचहत्तर बर्ष पार गरिसक्नुभएको भएपनि उहाँका अनुहार पुस्ट थिए चाउरिसम्म परेको थियन! पातलो शरीर हसिलो गहुगोरो वर्णको चेहरा, उमेरले नेटो काटिसकेको भएतापनी निकै सुन्दर लाग्नुहुन्थ्यो । हजुरवाको आवाज सुमधुर थियो। भागवत रामायण लगाएतका ग्रन्थहरुका श्लोकहरु उहाले यति प्रेमले गाउनुहुन्थ्यो मानौ पुरै प्रकृति उहालाई सुनिरहे जस्तो प्रतीत हुन्थ्यो। बाटो हिड्ने वटुवाहरु पनि पानी पिउने वाहानामा हजुरवाको श्लोक सुन्न आउथे ।

दिनभरीको पट्यार लाग्दा कक्षाहरु सकेर घरमा पुग्दा कुनै तारीख सकेर निस्केको अपराधी भन्दा कम लाग्दैनथ्यो आफुलाई । स्कुलमा सर मिसले दिनुभएको होमवर्कको चाङ, गिज्याइरहेका नोटकपिहरु, फोहोर भएको स्कुलको पोसाक को केहि पनि प्रवाह नगरी म हजुरबा भएको ठाउँमा पुगेको हुन्थें ।

हजुरबा निक्कै कम बोल्नुहुन्थ्यो। व्यक्तिगत कुरामा कसैले केही नसोधोस भन्ने लाग्थ्यो होला, सायद उहालाई त्यसैले यस्ता कुरा निस्किहाले भनेपनी प्रसङ्ग बदलिहाल्नु हुन्थ्यो । हजुरबा को सङ्गत पाएको १०/११ बर्षको संगतले यो जिज्ञासाले मेरो मनमा अड्डा जमाएर बसिराखेको थियो। मैले सोध्ने आटै गरेको थिइन खासमा दुई कुराहरु थिए । एक त हजुरवा को सङ्गत र माया नपाइएला कि भन्ने डर अर्को हजुरवा को बिगत सुनेर वहाँलाई पीडा हुदा सम्हाल्न गाह्रो होला भन्ने डर। यसैले मैले आफ्ना जिज्ञासा प्रश्न र कौतुहलता आफैंभित्र लुकाएर राखें।

एक दिनको कुरा हो मेरो स्कुल छुट्टी थियो आफ्नो सबै काम सकेर हजुरबाको कोठी तिर गए । कोठिमा ढोका लगाइएको थियो । मन यसै अमिलो भएर आयो । स्कुलमा मैले सरले सोधेको हाजिर जबाफको उत्तर मिलाएर पाएको चार वटा ल्याप्टो चक्लेट हजुरबाका लागि दुईटा खाएर दुइटा छुट्टाएर लगेको थिएँ । मैले जानेदेखियता हजुरवाको कोठी यस्तो सुन्यताको महसुस कहिल्यै भएको थिएन । बिस्तारै ढोका ढकढक्याए ! औलो लगाइएको रहेनछ। बिस्तारै भित्र पसें । चुलो नजिकै सानो प्रकाशको किरण देखें। अलि नजीक गए बल्ल बल्ल हजुरवाको अनुहार ठम्याए । मन ढक्क फुलेर आयो । डर लाग्यो । सुस्तरी नजिकै गए । बिस्तारै बोलाए, "हजुरवा !" निदाउनु भएछ क्यारे सुन्नु भएन बिस्तारै टुकि बाले । एक ग्लास पानी सारे गाग्रोबाट । आमाले कोठिमा राखेको पानी चिसो हुन्छभनेर हजुरवाको कोठिमा एउटा घैटो राख्नु भएको थियो । हजुरबाले बिस्तारै आँखा खोल्नुभयो । "कतिबेला आइस बा ? म त निदाएछु सुद्दी नै भएन ।" बिस्तारै मतिर हेरेर हजुरवा बोल्नुभयो । हजुरवाको नजिकै गए। "कस्तो छ बा तलाइ ?" सुस्तरी मेरो शरीर र अनुहार छाम्नुभयो । तीन चार दिन मात्रै भएको थियो हजुरबासङ्ग राम्रोसँग भेट नभएको । बिस्तारै हजुरवाले मलाई आफ्नो नजिक तान्नुभयो। आफ्नो सिर मेरो काखमा राख्नुभयो । मलाई कस्तो कस्तो लाग्यो। हजुरवाका आखाहरु सुन्निएका थिए । भिजेका थिए । चार दिनकै अन्तरालमा हजुरबालाई यो अवस्थामा देख्दा मेरो मन भरिएर आयो । हजुरबा बिस्तारै बोल्नुभयो। आफ्नो दुःखद बाल्यकाल, संघर्ष, यातना, यौवन जोस प्रेम अनि त्याग । हजुरबाको बोली मन्द हुँदै गइ रहेको थियो । आखाहरु पग्लिरहेका थिए । अनायासै मेरो गला अवरुद्ध हुन पुगेछ । हजुरामाको प्रेमकथाले मलाई अझै जिज्ञासु बनायो ।उहाले जिवनमा धैरै दुःख र पीडा पाउनुभएको रहेछ । हजुरबाको पहिलो बिबाह पश्चात् हजुरमा परलोक हुनु भएको र दोस्रो बिबाह पछीको हजुरमा पनि परलोक हुनु भएको र हजुरमा त्यो युग अनि हजुरबाको प्रेम माङ्गलिक नक्षेत्र भएको र पारिवारिक अस्विकृतीका कारण उहाँको पवित्र प्रेम दुर्घटित भएको प्रसङ्गले म पनि पग्लिए। म त सानै थिए मलाई के थाहा नै छैन । हजुरबाले जिवनमा सबैसँग प्रेम गर्नु भयो सबैलाई प्रेम दिनुभयो । तर यति होइन जति उहाले आफ्नो भएर पनि लामो समय ब्योहोर्न नपाएका हजुरमाहरुलाई गर्नुभएकोरहेछ ।

रात छिप्पिदै थियो । हजुरबाले थोरै खाना खानु भयो । मलाई होमवर्क नगरी नहुने थियो । अब जान्छु हजुरबा म बार्तलिमा पढ्न भनेर बिस्तारै भनें। हजुरबाले आफ्ना कोमल हातहरुले मेरो हात समाउदै भन्नुभयो- "बाबू सबैसङ्ग राम्रो सम्बन्ध राखेस । आफुलाइ माया गर्नेहरूको कहिल्यै चित्त नदुखाएस । एउटै जिन्नगी मिल्च मुन्छेलाइ । सबैको भलो चिताएस । भक्कानिएर हजुरबाको छातीमा टासिन पुगेछु । हजुरबा पनि रुनुभो। हामी दुवै निकैबेर रोयछौ । बाहिर साझले बिस्तारै अधेरो विछ्याइसकेको थियो । स्कुलबाट ल्याएका दुइटा चक्लेट हजुरबाको हातमा राखिदिए हजुरबाका गालामा बिस्तारै म्वाई खाए र गहरुङ्गो मन लिएर बाहिर निस्किए । हजुरबा सधै ज्ञान् गुनका कुरा दिनुहुन्थ्यो । म सानो हुदा हजुरबा आतेपाते काम गर्नु हुन्थ्यो । बा आमा र साना बालाई लुकाएर पाच पैसा/दस पैसा र कहिले काहीं सुका मोहर पनि दिनु हुन्थ्यो । आज पनि त्यो पैसा र त्यति बेला सुकाले किनेको बिस्कुट पाच पैसाका पाच वटा पिपल गेडि मिठाइँको याद अझै आउँछ । हजुरबाले कसैको चित्त नदुखाए , रुखो बोली नबोले भन्नु हुन्थ्यो तर खै आज म कस्तो छु आफैलाई थाहा छैन । किनकि, मैले चिनेको म र अरुले चिनेको म मा फरक छ ।

# पहिचानको पर्खाइमा 'धान्द्रुके बाजे'

**पोखरापत्र संवाददाता**
बागलुङ, २ फागुन

जिल्लाको भकुण्डेमा बाँसबाट सामग्री बनाउँदै आउनुभएका एक वृद्धको जीवनको उत्तरार्द्धमा पुग्दा पहिचानविहीन हुनुभएको छ । बागलुङ नगरपालिका-१० भकुण्डेमा बस्दै आउनुभएका शारीरिक तथा मानसिक रूपमा कमजोर वृद्ध अहिलेसम्म पहिचानविहीन हुनुहुन्छ ।



करिब ९० वर्षीय उहाँको नाम, ठेगाना र आफन्त नखुल्दा राज्यले दिने सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुनुपरेको छ । लामो समयदेखि भकुण्डेका विभिन्न घरमा आश्रय लिएर बस्दै आउनुभएका उहाँलाई स्थानीयले 'धान्द्रुके बाजे' भनेर बोलाउने गरेका छन् । सानै उमेरदेखि भकुण्डेमा आएर बाँसको चोयाका सामग्री बनाएर पेट पाल्दै आउनुभएका उहाँको उमेर बढ्दै जादा पछिल्लो समय हिँड्डुलमा समेत बाधा पुग्न थालेको देखिन्छ । स्पष्ट बोल्न नसक्ने उहाँ अहिले स्थानीय नरमाया थापाको घरमा आश्रय लिएर बस्नुभएको छ । उहाँ भकुण्डेका परिचित व्यक्ति भए पनि नाम, ठेगाना खुल्न सकेको छैन । राज्यले पहिचानका रूपमा दिने नागरिकता पाउन नसक्दा उहाँ पहिचानविहीन हुनुभएको छ ।

"हाम्रो घरमा बस्न लागेको थुप्रै वर्ष भयो, मेरो विवाह भएर आउँदा यही हुनुहुन्थ्यो, अहिले मेरै उमेर ६० पुग्यो, उहाँलाई धान्द्रुके बाजे भने पनि धान्द्रकुमा उहाँको कोही आफन्त पत्ता लागेको छैन, नागरिकता बनाउन वडामा आयोजित शिविरमा पनि लगेका थियौँ, पहिचान नखुलेको भन्दै नागरिकता दिइएन, बुधबार बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्का उहाँलाई भेट्न आउनुभएको थियो, नगरपालिकाको पहलमा नागरिकता बने बुढेसकालमा सहाराविहीनको नामकरण होला", थापाले भन्नुभयो । उहाँको उमेर ९० वरपर भएको भकुण्डेका पूर्वगाविस अध्यक्ष तथा संविधासभा सदस्य नरबहादुर थापाले बताउनुभयो । उहाँलाई नागरिकता दिनसके उहाँको पहिचान खुल्ने र सामाजिक सुरक्षा भत्ता पाउने बताउनुभयो । जैमिनीको बिजुवामा जन्मेको र आमाले छोडेपछि धान्द्रुक बसाइँ सरेको भन्नेमात्र सुने पनि अहिलेसम्म आफन्त पत्ता लगाउन नसकिएको र उहाँ बोल्न नसक्ने भएकाले समस्या भएको थापा बताउनुहुन्छ । धैरै वर्षदेखि भकुण्डेमा बस्दै आउनुभएका वृद्ध रेश, सिगाना र रायडाँडासम्म पुगेर चोयाका सामग्री बनाउने गरे पनि अहिले शारीरिक रूपमा कमजोर भइसक्नुभएको छ । वृद्धको अवस्था बुझ्न बुधबार भकुण्डे गएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो । खड्काले जीवनको उत्तरार्द्धमा आइपुग्दा पनि पहिचानविहीन हुनु दुखद् भएको बताउँदै नागरिकता र अपाङ्गता परिचयपत्र बनाउन जिल्ला प्रशासन कार्यालयमा समन्वय गरेको बताउनुभयो । खड्काले भन्नुभयो, "उहाँले एउटा परिचय पाउनु भनेको राज्य भएको महसुस गर्नु हो, स्थानीय सरकारका हैसियतले गर्ने आवश्यक समन्वय हामीले गर्छौं, कुनै नेपाली नागरिक पहिचानविहीन हुनुहुँदैन, संरक्षण लिनुपरे व्यक्तिगत रूपमा मैले नै लिन्छु, उहाँलाई नागरिकता दिलाउन स्थानीय सरकारले जस्तोसुकै जिम्मा लिन सकिन्छ ।" प्रमुख जिल्ला अधिकारी नेत्र सुवेदीले स्थानीय, वडा कार्यालय र नगरपालिकाले सहजीकरण गरे नागरिकता दिन सहज हुने बताउनुभयो । कानुनी विषय अध्ययनपश्चात सहजीकरण गर्ने र अभिभावक नभएको खण्डमा देखे/जानेकाको भनाइ तथा स्थानीयले संरक्षण लिनसके नागरिकता दिन सकिने प्रजिअ सुवेदीले बताउनुभयो ।

# महेन्द्र मावि भलाममा पूर्ण स्वास्थ्यका लागि जागरण

**पोखरापत्र संवाददाता**
पोखरा २ फागुन

पोखरा महानगरपालिका वडा नं. २० भलामको आयोजना, महेन्द्र मावि भलामको व्यवस्थापन तथा जीवन विज्ञान परिषद् कास्कीको सहकार्यमा शिक्षा तथा पूर्ण स्वास्थ्यका लागि स्वजागरण, सुख, शान्ति र समृद्धिको जागरण महेन्द्र मा.वि. भलामको सभाहलमा शुक्रबार सम्पन्न भयो ।




उक्त कार्यक्रममा प्रमुख अतिथि सद्गुरुदेव रमेश नेपालले शिक्षित र स्वस्थ हुनको लागि आफूभित्रको क्षमता चिन्न जरुरी हुने बताउनुभयो । कार्यक्रममा शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशका महानिर्देशक अम्बिका प्रसाद आचार्य, पोखरा महानगरपालिकाकाशिक्षामहाशाखाका अधिकृत जीवन रेग्मी, विन्ध्यवासिनी मा.वि.का विद्यालय व्यवस्थापन समिति अध्यक्ष सन्दिप थापा लगायतले शैक्षिक क्षेत्रका समसामयिक विषयमा आ-आफ्नो मन्तव्य राखेका थिए ।

पोखरा म.न.पा. वडा नं. २० का अध्यक्ष गंगा बहादुर खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा महेन्द्र मावि विद्यालय व्यवस्थापन समिति अध्यक्ष चित्र बहादुर क्षेत्रीले स्वागत तथा कार्यक्रमको संचालन विद्यालयका प्र.अ. बोधराज पौडेलले गर्नुभएको थियो ।

उक्त अवसरमा सामाजिक व्यक्तित्वहरु, पूर्व प्रअ, पूर्व विव्यस अध्यक्षहरु लगायत टोल विकास संस्थाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# सौंथर बैंसी टारी बजार मेला सकियो

**पोखरापत्र संवाददाता**
पोखरा २ फागुन

मादी गाउँपालिकामा भएको सौंथर बैंसी टारी बजार मेला शुरु शुक्रबार समापन भएको छ ।

कास्कीको मादी गाउँपालिका वडा नम्बर ८ नागीधार, पाखुरीकोट गाँउ र १० भाचोक गाउँको संगम बैंसीको रुपमा रहेको सोंथर बैंसी (सुन्दर बैंसी) मा दुई दिन सम्म सोंथर बैंसी टारी बजार मेला भएको हो । तेस्रो संस्करणको मेला फागुन १ र २ गते सम्म चलेको थियो ।

मेलामा भएको खुल्ला फाइब ए साइड पुरुष फूटबल खेलकुद प्रतियोगिताको उपाधि लम्तरी युवा क्लब मादी-१० भाचोकले हाता पारेको छ । शुक्रबार भएको फाइनल खेलमा पाखुरीकोट युवा क्लब मादी-८ लाई २-१ ले पराजित गर्दै लम्तरी युवा क्लबले उपाधि हाता पारेको हो । विजेता वन्दै लम्तरी युवा क्लबले नगद ४५ हजार मेडल र ट्रफी हात पार्दै गर्दा पाखुरीकोट युवा क्लबले उपविजेता वन्दै नगद ३० हजार मेडल र ट्रफीमा चित्त वुझायो । प्रतियोगितामा उत्कृष्ट गोलरक्षकमा लम्तरी युवा क्लबका कृष्ण गुरुङ र सर्वोकृष्ट खेलाडिमा लम्तरी युवा क्लबकै विवेक गुरुङ घोषित भए । उनिहरुलाई नगद ट्रफी र प्रमाण पत्र प्रदान गरिएको थियो ।

त्यसैगरी श्रुति लेखन प्रतियोगिता तर्फ जनमन्दिर आधार भूत विद्यालय मादी-१० की नम्रता गौतम प्रथम, जनकल्याण मावि मादी-१० का रेजल ज्ञावली द्धितीय र देवि आधारभूत विद्यालय मादी-१० का समित नेपाली तृतीय भए । उनिहरुलाई क्रमश ३ हजार, २ हजार, १ हजार र ट्रफी प्रमाण पत्र प्रदान गरिएको थियो । खुल्ला सामूहिक नृत्य प्रतियोगिता तर्फ प्रभात आधारभूत विद्यालय मादी-८ प्रथम, हिमालय मावि मादी-९ द्धितीय र नागिधार आमा समूह तृतीय भए । उनीहरुलाई क्रमश नगद ७ हजार, ५ हजार, ३ हजार र प्रमाण पत्र प्रदान गरिएको थियो । महिला रसी तान्ने प्रतियोगिता तर्फ थुम्सीकोट महला समूह प्रथम र प्रभात आधारभूत विद्यालयका शिक्षिकाको समूह द्धितीय भएका थिए । उनिहरुलाई नगद ७ हजार, ५ हजार प्रदान गरिएको थियो । त्यसैगरी पुरुष रसी तान्ने प्रतियोगिता तर्फ सौंथर बैंसी समूह ए प्रथम र लुम्दी युवा समूह द्धितीय भएका छन् । उनिहरुलाई नगद ८ हजार र ६ हजार प्रदान गरिएको थियो । उक्त मेलाको प्रदर्शनीमा सहभागि किसानलाई प्रोत्साहन स्वरुप नगद सहयोग गरिएको थियो । कार्यक्रममा मादी-८ का जनप्रतिनिधि तथा सोंथर बैंसी विकास समितिका अध्यक्ष ओम प्रकाश गुरुङ मेला संयोजक तथा सोंथर बैंसी विकास समितिका प्रथम उपाध्यक्ष आस बहादुर गुरुङको सहसंयोजक वेदबहादुर गुरुङ, सहसंयोजक नन्दलाल अधिकारी, द्धितीय उपाध्यक्ष दीर्गमान गुरुङ, सचिव डिल्लीराज गिरी, सहसचिव राजेन्द्र अधिकारी, कोषाध्यक्ष रमा क्षेत्री, सहकोषाध्यक्ष सूर्यप्रसाद अधिकारीले पुरस्कार वितरण गरेका थिए । मेलामा राखिएको गोरु जुधाइँ प्रतियोगिता मुख्य आकर्षण बनेको थियो । गोरु पाल्ने किसानहरुलाई निकै आकर्षण गराएको उक्त गुरु जुधाइँ प्रतियोगितामा १६ वटा गोरुको सहभागिता रहेको थियो । यस वर्षको गोरु जुधाइँ प्रतियोगतमा पनि स्थानीय पदमबहादुर विकको गोरु प्रथम भएको छ भने भूमलाल अधिकारीको गोरु द्धितीय भयो । प्रतियोगितामा प्रथम हुनेले ८ हजार र द्धितीय हुनेले ६ हजार नगद र प्रमाण पत्र प्राप्त गरे । मेलामा नागिधारको घाटु नाच प्रस्तुत गरिएको थियो ।

सोंथर बैंसी जाऔं, टारी बजार मेलामा सहभागी बनौं र त्यस आसपास क्षेत्रको कृषि पर्यटन प्रवर्द्धन गरौ भन्ने मुल नाराका साथ सोंथर बैंसी विकास समितिले मेला आयोजना गरेको हो ।

# 'फागुन ९ गते' निगाता इन्टरनेशनल ल्याङग्वेजको 'शैक्षिक मेला'

**पोखरापत्र संवाददाता**
पोखरा २ फागुन

निगाता इन्टरनेशनल ल्याङ्ग्वेज एण्ड ट्रेनिङ इन्स्टिच्युटले आगामी फागुन ९ गते पोखरामा शैक्षिक मेलाको आयोजना गर्ने भएको छ ।

निगाता इन्टरनेशनल ल्याङ्ग्वेज एण्ड ट्रेनिङ इन्स्टिच्युटले १२ औं वार्षिकोत्सवको अवसरमा पहिलो पटक निशुल्क शैक्षिक मेला आयोजना गर्न लागेको इन्स्टिच्युटकी म्यानेजर स्नेहा राईले जानकारी दिइन् । उनका अनुसार जापान, अष्ट्रेलिया, अमेरिका, क्यानडा तथा युके लागतयका देशमा उच्च शिक्षा हाँसिल गर्न जान चाहने विद्यार्थीहरुलाई लक्षित गरी शैक्षिक मेला आयोजना हुनेछ । 'पोखरामा विगत १२ वर्षदेखि सञ्चालनमा रहेको निगाता इन्टरनेशनल ल्याङ्ग्वेजलले विद्यार्थीहरुलाई लक्षित गरी निशुल्क शैक्षिक मेला गर्दैछ, म्यानेजर राईले भनिन्, 'निशुल्क मेलामा सहभागी हुने विद्यार्थीहरुलाई विभिन्न प्याकेजको व्यवस्था गरेका छौं ।' व्यवस्थापक राईका अनुसार पोखरा महानगरपालिका ९ पृथ्वीचोकस्थित पोखरा मलमा हुने निशुल्क शैक्षिक मेला बिहान १० बजेदेखि बेलुकी ६ बजेसम्म सञ्चालन हुनेछ । उनले मध्यान्न १२ बजेदेखि १ बजेसम्म जापानमा अध्ययनका लागि जाने विद्यार्थीहरुलाई लक्षित गरी सेमीनार सञ्चालन गर्ने बताइन् । यस्तै १ देखि २ बजेसम्म बेलायत (युके) २ देखि ३ बजेसम्म अष्ट्रेलिया जान चाहने विद्यार्थीहरुका लागि सेमीनार सञ्चालन हुनेछ । यस्तै जापानमा कामदार भिषा (एसएसडब्लु) र जापानमा नै कामदार भिषामा (ब्याचलर कार्यक्रम) विद्यार्थीहरुलाईसमेत निशुल्क परामर्श दिइनेछ। उक्त शैक्षिक मेलामा युनिक्याम्पस ग्लोबल इडु ब्रिज र पोखरा मल बिजनेश एशोसियसनसँग सहकार्य गरको इन्स्टिच्युटका सञ्चालक किसान सुनारले बताए । उनका अनुसार अनुसार शैक्षिक मेलामा सहभागी हुने विद्यार्थीहरुलाई भाषा तयारी कक्षामा ५० प्रतिशत छुट दिइने छ । 'जापान जान चाहने विद्यार्थीहरु जो शैक्षिक मेलामा आउनुहुन्छ । उहाँहरुलाई हामीले तयारी कक्षाका लागि ५० प्रतिशतसम्म छुटको व्यवस्था गर्नेछौं ।,' उनले भने । यस्तै पोखरा महानगरपालिका ९ पृथ्वीचोकस्थित पोखरा मलमा पहिलो पटक आयोजना हुन लागेको शैक्षिक मेलाको तयारी तिब्र भइरहेको बजार व्यवस्थापक सुरज अधिकारीले जानकारी दिए ।

उक्त मेला उच्च शिक्षाका लागि विदेश जान चाहनेहरुका लागि उपयोगी हुने आयोजक संस्थाको विश्वास छ ।